# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९ | काठमाडौं | मंगलबार, २९ वैशाख २०८३ | Prabhab National Daily | Tuesday, 12 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## एसइई परीक्षामा ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण

**काठमाडौं (प्रस)**– २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) परीक्षामा ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । गत चैतमा सञ्चालित एसइई परीक्षाको नतिजा राष्ट्रिय परीक्षा बोर्डले सोमबार साँझ सार्वजनिक गरेको हो ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजित पत्रकार सम्मेलनमा यसपालि ४.१७ प्रतिशत बिन्दुले नतिजामा सुधार आएको शिक्षासचिव चुडामणि पौडेलले जानकारी दिए । गत वर्षको एसइईमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

**कुन जिपिए ल्याउने कति ?**

| जिपिए | विद्यार्थी संख्या |
|---|---|
| ३.६० देखि ४.०० | ४८,३९२ |
| ३.२० देखि ३.६० | ८०,३७२ |
| २.८० देखि ३.२० | ९४,२२२ |
| २.४० देखि २.८० | ५५,९७७ |
| २.०० देखि २.४० | ५,१९० |
| १.६० देखि २.०० | ७ |

उनका अनुसार परीक्षामा दुई लाख ८४ हजार १६० विद्यार्थी 'ग्रेडेड' भएका छन् । एक लाख ४६ हजार ५०७ परीक्षार्थी 'ननग्रेडेड' भएका छन् । ननग्रेडेड (एनजी) प्राप्त गर्ने विद्यार्थीहरूले पुनःग्रेड वृद्धि परीक्षा दिनुपर्ने छ । दुई विषयसम्म एनजी आउने विद्यार्थीका लागि तत्कालै ग्रेड वृद्धि परीक्षा सञ्चालन गरिने सचिव पौडेलले जानकारी दिए । दुईभन्दा बढी विषयमा एनजी आउनेहरू अर्को वर्षको नियमित परीक्षामा सहभागी हुनुपर्ने व्यवस्था गरिएको छ ।

यसपटक एसइईमा दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्रले परीक्षाको फाराम भरेकामा चार लाख ३० हजार ६६७ जना परीक्षामा सहभागी भएका शिक्षासचिव पौडेलले जानकारी दिए ।

यसपटक ४८ हजार ३९२ विद्यार्थीले सबैभन्दा उच्च जिपिए (३.६० देखि ४.००) ल्याएका छन् । त्यसपछिको जिपिए (३.२० देखि ३.६०) सम्म ल्याउने विद्यार्थीको संख्या ८० हजार ३७२ रहेको छ । यसैगरी ९४ हजार २२२ विद्यार्थीले २.८० देखि ३.२० सम्मको जिपिए, ५५ हजार ९७७ विद्यार्थीले २.४० देखि २.८० जिपिए ल्याएका छन् ।

क्रमशः पृष्ठ २ मा

वालेन्द्र सरकारको नीति कार्यक्रम

# सुशासन र डिजिटल रूपान्तरणमा जोड

■ जेबी योञ्जन

**काठमाडौं**– सरकारले सुशासन, आर्थिक पुनर्संरचना, डिजिटल रूपान्तरण गर्ने लक्ष्यसहितको महत्त्वाकांक्षी नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । नीति तथा कार्यक्रममा अधिकांश क्षेत्रलाई प्रविधिमैत्री बनाउने लक्ष्य राखिएको छ ।

करिब दुईतिहाइ बहुमतसहित गठन भएको सरकारले नीति तथा कार्यक्रममार्फत आगामी दशकलाई 'आर्थिक रूपान्तरणको दशक'को रूपमा अघि बढाउने घोषणा गरेको छ । सूचना प्रविधि, ऊर्जा, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, डिजिटल शासन, वातावरण र प्रशासनिक सुधारलाई प्राथमिकतामा राख्दै 'नयाँ चरणको आर्थिक सुधार' सुरु गर्ने घोषणा गरेको छ ।

नीति तथा कार्यक्रममा भ्रष्टाचार नियन्त्रण, डिजिटल अर्थतन्त्र निर्माण, निजी क्षेत्रको सहभागिता विस्तार, लगानीमैत्री वातावरण र हरित अर्थतन्त्रलाई मुख्य आधार बनाइएको छ ।

### सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य

सरकारले नेपाललाई सम्मानित मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न आगामी दशक औसत सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । यसका लागि कानुनी तथा संस्थागत सुधार, उत्पादन लागत घटाउने नीति, लगानीमैत्री वातावरण निर्माण र दीर्घकालीन आर्थिक नीतिमा स्थिरता कायम गरिने उल्लेख गरिएको छ ।

नीति तथा कार्यक्रममा 'सीमारहित अर्थतन्त्र'लाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा अघि सारिएको छ । सरकारले सेवा निर्यात, सूचना प्रविधि, जलविद्युत्, पर्यटन र उच्च मूल्यका कृषि उत्पादनलाई आर्थिक रूपान्तरणका मुख्य आधार बनाउने जनाएको छ । सबै आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरी नगदरहित अर्थतन्त्र निर्माण गर्ने घोषणा गरिएको छ । कर प्रणाली पुनरावलोकन गर्दै मध्यम वर्गीय परिवार र उद्यमीमाथिको बोझ घटाइने बताइएको छ ।

राजस्व प्रशासनलाई पूर्णप्रविधिमैत्री बनाउने, कर फिर्ता प्रणाली स्वचालित बनाउने तथा न्यून विजकीकरण नियन्त्रण गर्ने योजना नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

### सूचना प्रविधि उद्योग

सरकारले सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गर्ने भएको छ । सफ्टवेयर, डिजिटल सेवा, क्लाउड कम्प्युटिङ, साइबर सुरक्षा, हरित कम्प्युटिङ र एआई कम्प्युटेसन निर्यातलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ । नेपाललाई दक्षिण एसियाकै 'टेक हब' बनाउने लक्ष्यसहित डिजिटल पार्क, उच्च क्षमताका डेटा सेन्टर तथा सार्वजनिक डिजिटल पूर्वाधार निर्माण गरिने उल्लेख गरिएको छ ।

सरकारले 'रिमोट वर्क नीति' लागू गरी नेपाली युवालाई नेपालमै बसेर विदेशी कम्पनीका लागि काम गर्ने वातावरण बनाउने घोषणा गरेको छ । साथै, अन्तर राष्ट्रिय 'पेमेन्ट गेटवे'लाई कानुनी मान्यता दिने, 'स्टार्टअप नेपाल पोर्टल'मार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट र बीउ पुँजी सेवा उपलब्ध गराइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा



**प्रतिपक्षीको टिप्पणी**

### नीति तथा कार्यक्रममै 'वालेन्द्र' भेटिएन

**काठमाडौं (प्रस)**– सरकारको नीति तथा कार्यक्रम 'कर्मकाण्डी' र यसअघिकै निरन्तरता भएको प्रतिपक्षी दलहरूले टिप्पणी गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता वालेन्द्र शाहले आफू प्रधानमन्त्री भएको भोलिपल्टै चैत १४ मा सरकारको १०० बुँदे कार्ययोजना सार्वजनिक गरेका थिए । उक्त कार्ययोजनाअनुसार सरकारको गति तीव्र गतिमा अघि बढ्ने देखिएको थियो । जुन कार्यान्वयनको योजना नीति तथा कार्यक्रममा आउने आशा राखेकोमा त्यो नआएको विपक्षी दलका नेताहरूको टिप्पणी छ ।

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले पहिलेकै सरकारले ल्याएको कार्यक्रमहरूमा जलप लगाएर प्रस्तुत गरिएको तर्क गरे । 'यसले ठूलो परिवर्तनको दिशा लिने देखिँदैन । २०८७ मा शुद्ध खानेपानी पहिलाकै कार्यक्रम हो । केही गर्न खोजिएजस्तो पनि छ । कर्मकाण्डभित्र केही जलप लगाएजस्तो भान पार्न खोजिएको छ । कार्यक्रमभन्दा पनि व्यवस्थापन मुख्य हो,' सांसद केसीले भने ।

क्रमशः पृष्ठ २ मा

### प्रधानमन्त्रीले 'बंक' गरे नीति तथा कार्यक्रम

**चौतर्फी आलोचनापछि देखाए स्वास्थ्यमा समस्या**



**काठमाडौं (प्रस)**– प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेकै बेला संसद् बैठक 'बंक' गरेका छन् । सोमबार सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा प्रधानमन्त्री शाह संसद् बैठक छाडेर बाहिरिएका हुन् ।

संघीय संसद्को संयुक्त बैठकमा दिउँसो ४ बजे नै पुगेका प्रधानमन्त्री शाह संसद् बैठक सकिन २० मिनेटअघि नै हलबाट बाहिरिएका थिए । नीति तथा कार्यक्रम सुरु भएको ५०औं मिनेटपछि संसद् बैठकबाट बाहिरिएका शाह संसद् भवन बाहिर भने निस्किएका थिएनन् । अर्थमन्त्री स्वर्णिम वाग्लेसँगै रहेका वालेन्द्र निस्किएको २० मिनेटपछि राष्ट्रपति पौडेलले नीति तथा कार्यक्रम वाचन सकाएको थिए । उक्त अवधिमा वालेन्द्र बसेको कुर्सी खाली नै थियो ।

यसरी नीति तथा कार्यक्रम नसकी निस्कनुलाई विपक्षी सांसदहरूले अशिष्ट व्यवहार भएको टिप्पणी गरेका छन् । कतिपय सांसदले आफ्नै नीति तथा कार्यक्रमसमेत बहिष्कार गरेको बताए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

नीति तथा कार्यक्रममा वैदेशिक रोजगार

## फर्किने श्रमिकको 'डिजिटल सीप' अभिलेखीकरण विमानस्थलमा छुट्टै लेनको व्यवस्था

- 'डिजिटल सीप पासपोर्ट'मार्फत रोजगारीबाट फर्किएकाको अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराउने
- वैदेशिक रोजगारीमा जानेलाई छुट्टै लेन र सेवा उपलब्ध गराउने
- अत्यधिक सेवा शुल्क र श्रम शोषणविरूद्ध कारबाही गर्ने
- विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न 'विप्रेषण-लगानी मिलान कोष' स्थापना गर्ने
- आव २०८३/८४ देखि २०९२/९३ सम्म 'रोजगार प्रवर्द्धन दशक' घोषणा
- श्रम कूटनीतिमार्फत उच्च पारिश्रमिक दिने गन्तव्यहरु पहिचान गरिने
- 'रिभर्स' प्रवासनलाई प्रोत्साहन गर्ने
- नयाँ राष्ट्रिय रोजगार नीति बनाउने
- विदेशमा मृत्यु या अंगभंग भएका कामदारका परिवारका लागि उद्धार र कल्याणकारी कार्यक्रम सुदृढ गरिने



■ ममता थापा

**काठमाडौं**– सरकारले वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकले भित्र्याएका सीपको अभिलेख राख्ने भएको छ । आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सरकारले रोजगारीबाट फर्किएकालाई डिजिटल 'सीप पासपोर्ट'मार्फत अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराउने उल्लेख गरेको हो ।

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत सरकारको आगामी आवको नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीमा जाने श्रमिकसँग लिइने चर्को सेवा शुल्कको विषय पनि प्राथमिकतामा परेको छ । सरकारले अत्यधिक सेवा शुल्क र श्रम शोषणविरुद्ध काबाही गर्ने उद्घोष गरेको छ । हाल विभिन्न उजुरीका आधारमा म्यानपावर व्यवसायीमाथि कारबाहीमा उत्रिएको सरकारले सेवा शुल्कको विषयलाई नीति तथा कार्यक्रममै समावेश गर्दै थप कडाइ गर्ने संकेत गरेको छ ।

आगामी कार्यक्रममा वैदेशिक रोजगारीबाट भित्रने रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने विषयमा पनि जोड दिइएको छ । नेपाल राष्ट्र बैंकको अध्ययनका अनुसार हाल वैदेशिक रोजगारीबाट भित्रिएको अधिकांश रकम दैनिक उपभोगमै सकिने गरेको छ । यस्तो अभ्यासलाई नियन्त्रण गर्न 'विप्रेषण-लगानी मिलान कोष' स्थापना गरिने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ ।

विमानस्थलमा वैदेशिक रोजगारीमा जानेहरू श्रमिक प्रवेश गर्ने छुट्टै गेट विभेदकारी भएको भन्दै यसअघि हटाइएको व्यवस्थालाई पनि वालेन्द्र सरकारले पुनः नीति तथा कार्यक्रममा अघि सारेको छ । वैदेशिक रोजगारीमा जानेहरूलाई छुट्टै लेन र सेवा उपलब्ध गराउने व्यवस्था गरिने विषय समेटिएको हो । तत्कालीन श्रममन्त्री किसन श्रेष्ठले २०७८ फागुन २५ गते त्रिभुवन विमानस्थलमा भएको रोजगारीमा जानेहरूका लागि व्यवस्था गरिएको 'श्रम डेस्क' हटाएका थिए । यसबाहेक वैदेशिक रोजगारीको क्षेत्रका कार्यक्रममा विगतकै निरन्तरता देखिएको छ ।

क्रमशः पृष्ठ २ मा

सरकारलाई सर्वोच्चको अल्पकालीन अन्तरिम आदेश

## ट्रेड युनियन खारेज गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्नू

- संवैधानिक इजलासको बहुमतबाट निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन खारेज गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी
- कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीश कुमार रेग्मी र हरिप्रसाद फुयाल अध्यादेशमार्फत गरिएको ट्रेड युनियन खारेजीको निर्णय रोक्ने पक्षमा, न्यायाधीश विनोद शर्मा र शारंगा सुवेदी अल्पकालीन अन्तरिम आदेश जारी गर्न नहुने पक्षमा
- विपक्षीहरूलाई सात दिनभित्र लिखित जवाफ पेस गर्न आदेश




■ प्रभाव संवाददाता

**काठमाडौं**– सर्वोच्च अदालतको संवैधानिक इजलासले निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन खारेज गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । यो आदेश बहुमतको आधारमा जारी भएको हो ।

सोमबार बसेको संवैधानिक इजलासमा न्यायाधीशहरूको दुई खाले फरक मत देखिएको थियो । इजलासमा कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीश कुमार रेग्मी र हरिप्रसाद फुयाल अध्यादेशमार्फत गरिएको ट्रेड युनियन खारेजीको निर्णय तत्काल कार्यान्वयन गर्न नहुने जिकिर थियो ।

न्यायाधीश विनोद शर्मा र शारंगा सुवेदीले भने एकपक्षीय सुनुवाइबाटै अल्पकालीन अन्तरिम आदेश जारी गर्न नहुने भन्दै फरक राय व्यक्त गरे । अन्ततः बहुमतको आधारमा ट्रेड युनियन खारेजी तत्काल गर्न कार्यान्वयन नगर्नू भन्ने अल्पकालीन अन्तरिम आदेश जारी भएको हो ।

बहुमतको आदेशमा छ, 'उक्त व्यवस्था नेपालको संविधानको धारा १७ को स्वतन्त्रताको हकअन्तर्गत उपधारा (२) को खण्ड (घ) मा रहेको संघ संस्था खोल्ने स्वतन्त्रता र ऐ धारा ३४ को उपधारा (३) को ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्ने हकको संवैधानिक प्रत्याभूतिसँग जोडिएको सन्दर्भलाई विचार गर्दा हाललाई अध्यादेशको दफा १० कार्यान्वयन नगर्नू नगराउनू ।'

क्रमशः पृष्ठ २ मा

**विद्यार्थी संगठन खारेजीको निर्णयमा सरकारलाई झड्का**

– समाचार पृष्ठ ३ मा

**पृष्ठ १ बाट क्रमशः**

## सुशासन...

### लगानी एक्सप्रेस र भिसा

व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्मका सबै प्रक्रिया ३० दिनभित्र सम्पन्न गर्ने गरी 'लगानी एक्सप्रेस' नीति लागू गरिने भएको छ । विदेशी लगानीसम्बन्धी कानुन संशोधन गर्दै स्वचालित मार्ग विस्तार गरिने तथा ठूलो लगानी गर्ने लगानीकर्तालाई 'नेपाल लगानी भिसा' उपलब्ध गराइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

विशेष आर्थिक क्षेत्र विस्तार गर्दै 'औद्योगिक ग्राम' स्थापना गरिने तथा ग्रिन गार्मेन्ट भिलेज, सूचना प्रविधि पार्क र कृषि उत्पादन केन्द्र स्थापना गरिने भएको छ ।

### कृषिमा डिजिटल प्रणाली र भूमि बैंक

सरकारले कृषिलाई सम्मानित र उद्यमशील पेसाका रूपमा स्थापित गर्ने घोषणा गरेको छ। उत्पादन वृद्धि, आयात प्रतिस्थापन र खाद्यान्न आत्मनिर्भरताका लागि यान्त्रिकीकरण, डिजिटल प्रविधि, एग्रिटेक र 'प्याकेजमा आधारित उत्पादन प्रणाली' लागू गरिने उल्लेख गरिएको छ। बाली लगाउनुअघि नै प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य तोक्ने र किसानको खातामा सीधै डिजिटल भुक्तानी गर्ने व्यवस्था मिलाउने योजना अगाडि सारिएको छ ।

भूमि बैंक प्रणालीमार्फत बाँझो जमिन उत्पादनमा प्रयोग गरिने तथा युवा, महिला र भूमिहीन किसानलाई पहुँच सुनिश्चित गरिने उल्लेख छ । किसान सूचीकरण, किसान परिचयपत्र र किसान क्रेडिट कार्डमार्फत सहुलियतपूर्ण वित्तीय पहुँच विस्तार गरिने भएको छ ।

### भूमिहीन दलित र सुकुमबासीको व्यवस्थापन

सरकारले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीनरूपमा समाधान गर्ने प्रतिबद्धता जनाएको छ । असुरक्षित स्थानमा बसोबास गरिरहेका नागरिकलाई सुरक्षित र व्यवस्थित आवास उपलब्ध गराइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। पछिल्लो समय विभिन्न स्थानमा सुकुमबासी बस्ती हटाउने अभियान र डोजर प्रयोगलाई लिएर आलोचना भइरहेका बेला सरकारले आवास र स्वामित्व सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको हो ।

### हरित अर्थतन्त्र

सरकारले 'नेट जिरो २०४५' लक्ष्य कार्यान्वयन गर्ने घोषणा गरेको छ। कार्बन व्यापार, रेड प्लस कार्यक्रम, हरित बण्ड, जैविक विविधता संरक्षण र हरित औद्योगिकीकरणलाई प्राथमिकता दिइएको छ । 'नेपाल कार्बन प्राधिकरण' गठन गरिने तथा सामुदायिक वन समूहलाई कार्बन क्रेडिटबाट प्रत्यक्ष लाभ सुनिश्चित गरिने नीति सार्वजनिक गरिएको छ । वन डढेलो नियन्त्रणका लागि 'वन डढेलो उच्च सतर्कता केन्द्र' स्थापना गरिने तथा ड्रोन र स्याटलाइटमार्फत निगरानी गरिने सरकारले नीति लिएको छ । काठमाडौं उपत्यकाको वायु प्रदूषण न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना लागू गरिने तथा परम्परागत इँटा उद्योगलाई स्वच्छ प्रविधिमा रूपान्तरण गरिने भएको छ ।

### ३० हजार मेगावाट विद्युत् उत्पादन

सरकारले आगामी दशकमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । ऊर्जा, वन, भूमि तथा वातावरणसम्बन्धी कानुन परिमार्जन गरी एकद्वार प्रणाली लागू गरिने तथा आयोजना प्रभावितलाई मुआब्जाको सट्टा सेयर लगानीको विकल्प दिइने नीति सार्वजनिक गरिएको छ । विद्युत् उत्पादन, प्रसारण र व्यापारमा निजी क्षेत्रको सहभागिता विस्तार गरिने तथा अन्तरदेशीय ऊर्जा व्यापारलाई दीर्घकालीन लगानी आकर्षणको माध्यम बनाइने सरकारको भनाइ छ । ग्रिन हाइड्रोजन, हरित अमोनिया र रासायनिक मल उद्योगलाई कर छुट, सहुलियतपूर्ण विद्युत् र पुँजी प्रोत्साहन दिइने भएको छ ।

### 'देवभूमि नेपाल' अभियान

सरकारले नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्र बनाउने लक्ष्यसहित 'देवभूमि नेपाल' अभियान घोषणा गरेको छ । पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गरिने भएको छ ।

'भिजिट नेपाल २०८५'को पूर्वतयारी सुरु गर्दै पर्यटक आगमन, बसाइँ अवधि र खर्च बढाउने योजना सरकारले अघि सारेको छ । कम्तीमा पाँच हजार नयाँ होमस्टेलाई 'नेपाल होमस्टे' ब्राण्डिङसहित बुकिङ प्लेटफर्मसँग जोडिने भएको छ । साहसिक पर्यटन प्रवर्द्धनका लागि नयाँ पदमार्ग विकास, स्काइडाइभिङ, प्याराग्लाइडिङ, बञ्जी र ऱ्याफटिङ पूर्वाधार विस्तार गरिने भनिएको छ ।

### शिक्षा एआई र डिजिटल सिकाइ

सरकारले माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने घोषणा गरेको छ । १० हजार सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट, डिजिटल सामग्री र एआई आधारित सिकाइ प्रणाली विस्तार गरिने भएको छ। इ-लर्निङ, भर्चुअल कक्षा र खुला डिजिटल सामग्री विकास गरिने तथा पाठ्यक्रमलाई रोजगार मुखी बनाइने नीति सरकारले लिएको छ । उच्च शिक्षालाई श्रमबजारसँग जोड्ने तथा विश्वविद्यालयको पुनर्संरचना गर्ने नीति पनि सरकारले अघि सारेको छ।

### स्वास्थ्य बिमा पुनर्संरचना

स्वास्थ्य क्षेत्रमा सरकारले 'न्यूनतम मापदण्ड' लागू गर्दै आधार भूत स्वास्थ्य सेवा सबै स्थानीय तहसम्म विस्तार गर्ने घोषणा गरेको छ। स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचना गरिने, टेली हेल्थ सेवा विस्तार गरिने तथा 'सेण्टर फर डिजिज कन्ट्रोल'स्थापना गरिने भएको छ । मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको मुख्य विषय बनाइने तथा योग, ध्यान र समुदाय आधारित कार्यक्रम विस्तार गरिने नीति सार्वजनिक गरिएको छ ।

### पूर्वाधार र यातायात

सरकारले हुलाकी राजमार्ग, पुष्पलाल राजमार्ग, उत्तर-दक्षिण सडक तथा काठमाडौं-तराई मधेस द्रूततमार्गलाई तीव्रता दिने नीति लिएको छ । काठमाडौंमा 'बस ऱ्यापिड ट्राञ्जिट' प्रणालीको डिजाइन र कार्यान्वयन सुरु गरिने तथा सार्वजनिक यातायातलाई विद्युतीय बनाइने उल्लेख छ। पूर्व-पश्चिम विद्युतीय रेलमार्गलाई निरन्तरता दिइने तथा केरुङ-काठमाडौं र रक्सौल-काठमाडौं रेलमार्गको लगानी मोडालिटी अध्ययन गरिने भएको छ ।

### डिजिटल सुशासन

वालेन्द्र सरकारले 'डिजिटल सुशासन ब्लुप्रिन्ट' लागू गर्ने घोषणा गरेको छ । राष्ट्रिय डिजिटल पूर्वाधार, सरकारी क्लाउड प्रणाली, एकीकृत डेटाबेस र इ-गभर्नेन्स प्लेटफर्म विकास गरिने भएको हो। नागरिक एपमार्फत कम्तीमा १०० सरकारी सेवा उपलब्ध गराइने तथा राष्ट्रिय परिचयपत्रलाई सबै सेवासँग जोडिने उल्लेख गरिएको छ। इ-केवाइसी प्रणाली लागू गरी बैंकिङ, दूरसञ्चार र सार्वजनिक सेवामा डिजिटल प्रमाणीकरण गरिने भएको छ । सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति दोहोऱ्याउँदै भ्रष्टाचार नियन्त्रण आयोगलाई सुदृढ बनाउने, सम्पत्ति विवरण सार्वजनिक गर्ने र सार्वजनिक खरिद प्रणालीलाई पारदर्शी बनाउने जनाएको छ।

### सीमामा अनुहार पहिचान प्रणाली

नेपाल प्रहरीको अनुसन्धान क्षमता, फरेन्सिक प्रणाली र साइबर अपराध नियन्त्रण संयन्त्र सुदृढ गरिने भएको छ । साइबर सुरक्षा, वित्तीय अपराध र डिजिटल ठगी नियन्त्रणका लागि विशेष अनुसन्धान एकाइ स्थापना गर्ने नीति सार्वजनिक गरिएको छ । सीमानाकामा अनुहार पहिचान प्रणाली, ड्रोन निगरानी र स्वचालित सीमा व्यवस्थापन प्रणाली लागू गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

### कूटनीति र डायस्पोरा

सरकारले सन्तुलित कूटनीति, आर्थिक कूटनीति र 'ब्राण्ड नेपाल' अभियान सञ्चालन गर्ने घोषणा गरेको छ । विदेशस्थित नेपाली नियोगमार्फत राहदानी र कन्सुलर सेवा डिजिटल बनाइने तथा २४ घण्टा सञ्चालन हुने 'सेन्ट्रल रिस्पोन्स युनिट' स्थापना गरिने भएको छ । गैरआवासीय नेपालीको लगानी आकर्षित गर्न 'डायस्पोरा एक्सपर्ट नेटवर्क' र 'ज्ञान बैंक' स्थापना गरिने नीतिसमेत सरकारले अगाडि सारेको छ ।

■■■

### नीति तथा कार्यक्रममा के छ ?

- औसत सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य
- मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्ने घोषणा
- नयाँ चरणको आर्थिक सुधार घोषणा
- आर्थिक कारोबारलाई डिजिटल प्लेटफर्ममा आबद्ध गरिने
- नगदरहित र पारदर्शी अर्थतन्त्र निर्माण गर्ने नीति
- सूचना प्रविधि क्षेत्रलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गर्ने
- एआई, क्लाउड, साइबर सुरक्षा र डिजिटल सेवा निर्यात
- नेपाललाई 'टेक हब' बनाउने लक्ष्य
- 'रिमोट वर्क' नीति लागू गरिने
- अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिने
- स्टार्टअप नेपाल पोर्टल' मार्फत एकै दिनमा कम्पनी दर्ता
- नेपाल लगानी भिसाको व्यवस्था
- कृषिलाई आधुनिक र उद्यमशील क्षेत्रका रूपमा विकास गर्ने
- किसानको खातामा सीधै डिजिटल भुक्तानी
- भूमि बैंक प्रणालीमार्फत बाँझो जमिन उत्पादनमा प्रयोग
- किसान क्रेडिट कार्ड र किसान परिचयपत्र लागू गर्ने
- भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबासीको दीर्घकालीन समाधान
- आगामी दशकमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने
- ग्रिन हाइड्रोजन र हरित अमोनिया उद्योगलाई प्रोत्साहन
- 'देवभूमि नेपाल' अभियानमार्फत आध्यात्मिक पर्यटन प्रवर्द्धन
- माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने
- १० हजार विद्यालयमा इन्टरनेट र एआई आधारित सिकाइ
- स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचना गर्ने
- काठमाडौंमा 'बस ऱ्यापिड ट्राञ्जिट' प्रणाली सुरु गर्ने
- पूर्व-पश्चिम विद्युतीय रेलमार्गलाई निरन्तरता दिने
- नागरिक एपमार्फत १०० सरकारी सेवा उपलब्ध गराउने
- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति

## नीति तथा...

पूर्वअर्थमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का

### कसले के भने ?

यसले ठूलो परिवर्तनको दिशा लिने देखिँदैन । २०७८ मा शुद्ध खानेपानी पहिलाकै कार्यक्रम हो । केही गर्न खोजिएजस्तो पनि छ । कर्मकाण्डभित्र केही जलप लगाएजस्तो मात्र पार्न खोजिएको छ ।

■ **अर्जुननरसिंह केसी**
सांसद, नेपाली कांग्रेस

वालेन्द्र शाह नेतृत्वको नयाँ सरकारले केही आशा र उत्साहजनक नीति तथा कार्यक्रम ल्याउला भन्ने आशा लिएका थियौं । तर नयाँ शब्द नआउँदा ऊर्जा हराएको जस्तो लाग्यो । यो निरन्तरताको कार्यक्रम हो ।

■ **युवराज दुलाल**
प्रमुख सचेतक, नेकपा

नीति तथा कार्यक्रम झूटको पुलिन्दाबाहेक केही होइन । कार्यान्वयन हुन नसक्ने खालको आकाशको तारा खसाउने खालको देखिन्छ ।

■ **ऐन महर**
प्रमुख सचेतक, नेकपा एमाले

सरकारको नीति तथा कार्यक्रममा केही नयाँ छैन । सबै पुरानै कुरा छ । इ-गभर्नेन्स, डेटा सेन्टर, एआईको कुरा अघिल्लो सरकारले पनि ल्याएको थियो

■ **ज्ञानेन्द्र शाही**
नेता, राप्रपा संसदीय दल

नेता वर्षमान पुनले नीति तथा कार्यक्रम उत्साहप्रद नदेखिएको बताए । 'उत्साहप्रद छैन । बजेट पनि यस्तै आयो भने त जनता, युवा निराश हुन्छन् । जनमत निराश हुन्छ । असाध्यै छरिएको पनि भयो । के भन्ने खोजेको ? कता केन्द्रित हुन खोजेको ? प्राथमिकता निर्धारण नै गर्न सकेको देखिएन,' पुनले भने ।

आशा गरिएजस्तो कार्यक्रम नआउँदा सुन्ने जाँगरसमेत हराएको नेकपाका प्रमुख सचेतक युवराज दुलालले बताए । विपक्षीले सरकारमा वालेन्द्रको हस्तक्षेपझैं नीति तथा कार्यक्रममा 'वालेन्द्र फ्लेभर' नभेटिएको दुलालको भनाइ थियो । 'वालेन्द्र शाह नेतृत्वको नयाँ सरकारले केही आशा र उत्साहजनक नीति तथा कार्यक्रम ल्याउला भन्ने आशा लिएका थियौं। तर नयाँ शब्द नआउँदा ऊर्जा हराएको जस्तो लाग्यो । यो निरन्तरताको कार्यक्रम हो। यसमा नयाँ र कार्यान्वयन गर्न गाह्रो कुनै कुरा देखिएको छैन,' दुलालले भने । नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले भने सरकारले ल्याएको नीति तथा कार्यक्रम झूटको पुलिन्दा भएको आरोप लगाए। 'नीति तथा कार्यक्रम झूटको पुलिन्दाबाहेक केही होइन। कार्यान्वयन हुन नसक्ने खालको देखिन्छ,' महरले भने ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले नीति तथा कार्यक्रममा कुनै कुरा नयाँ नभएको बताए। 'सरकारको नीति तथा कार्यक्रममा केही नयाँ छैन। सबै पुरानै कुरा छ। इ-गभर्नेन्स, डेटा सेन्टर, एआईको कुरा अघिल्लो सरकारले पनि ल्याएको थियो,' शाहीले भने। उनले रास्वपाको सरकारले पनि कर्णालीलाई उपेक्षा गरेको गुनासो गरे ।

■■■

## प्रधानमन्त्रीले...

'राष्ट्रपतिज्यूले नीति र कार्यक्रम प्रस्तुत गरिरहनुभएको छ । देशको प्रधानमन्त्री, जो यो टेबुल गर्ने प्रक्रियामा हुनुहुन्थ्यो। उहाँले बीचैमा बहिष्कार गरेर हिँड्नुभएको हामीले देख्यौं,' नेकपा एमालेका सांसद गुरु बरालले भने ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का प्रमुख सचेतक युवराज दुलालले पनि नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा प्रधानमन्त्री सदनबाट निस्कनु अशोभनीय भएको टिप्पणी गरे । 'आधा पढ्दापढ्दै प्रधानमन्त्री हिँड्नु अशोभनीय हर्कत हो । राष्ट्रपतिले सदनमा आफैंले हस्ताक्षर गरेका प्रति पढ्दा प्रधानमन्त्री छोडेर हिँड्नु राष्ट्रिय लज्जाको कुरा हो,' दुलालले भने। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले प्रधानमन्त्रीको व्यवहार केटाकेटी पाराको भएको बताए । 'त्यसो गर्नु हुँदैन । केटाकेटी पारा भयो । निस्किहाल्नुहुन्छ । धैर्य गर्नुपर्छ । रिसाएर निस्कनुभयो,' राईले भने ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का दलका नेता ज्ञानेन्द्र शाहीले सरकारको नीति तथा कार्यक्रम सुनेर प्रधानमन्त्री नै रिसाएर हिँडेको भन्दै व्यंग्य गरे । 'कार्यान्वयन गर्ने कुरा उहाँहरूको हातमा छ । राष्ट्रपतिले नीति तथा कार्यक्रम पढ्दापढ्दै प्रधानमन्त्री रिसाएर हिँड्नुभयो । हेरौं कार्यान्वयन कसरी हुन्छ,' शाहीले भने ।

चौतर्फी आलोचनापछि प्रधानमन्त्रीको सचिवालयले साँझ अबेर शाह अस्वस्थ भएको दाबी गरेको छ । 'सम्माननीय प्रधानमन्त्रीज्यूलाई स्वास्थ्यमा असहजता देखिएकाले नीति तथा कार्यक्रम प्रस्तुतिको क्रममा केही समयका लागि विश्राम लिनुभएको थियो । त्यसपछि उहाँ पुनः कार्यक्रममा सहभागी हुनुभएको हो। उहाँको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी गराइन्छ,' प्रधानमन्त्रीको सचिवालयले सोमबार भन्यो ।

## एसइई...

जिपिए २.०० देखि २.४० सम्म ल्याउने विद्याथी पाँच हजार १९० र १.६० देखि २.०० जिपिए ल्याउने विद्यार्थीको संख्या सात जना रहेको बोर्डले जानकारी दिएको छ। सरकारले वैशाख २९ गतेभित्र नतिजा सार्वजनिक गर्नुपर्ने समयसीमा दिएपछि बोर्डले तीव्रगतिमा तयारी गरी परीक्षा सम्पन्न भएको २९ दिनमा नतिजा सार्वजनिक गरेको हो ।

यस वर्ष एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने शिक्षा मन्त्रालयको निर्देशनपछि बोर्डले परीक्षा केन्द्रमा उत्तरपुस्तिका परीक्षण गराएको थियो ।

■■■

## फर्किने श्रमिकको...

अघिल्लोपटक घोषणा भइसकेको 'रोजगार प्रवर्द्धन दशक'सरकारले पुनः घोषणा गरेको छ । वैदेशिक रोजगारीलाई बाध्यताबाट विकल्पमा रूपान्तरण गर्न आव २०८३/८४ देखि आव २०९२/९३ सम्म 'रोजगार प्रवर्द्धन दशक' घोषणा गरी कार्यक्रम सञ्चालन गर्ने भनिएको छ। यसअघि २०८१ चैत २७ गते श्रम मन्त्रालयले पाँचौं 'राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनमार्फत २०२५ देखि २०३५ लाई आन्तरिक रोजगार प्रवर्द्धन दशक मनाउने घोषणा गरेको थियो । त्यसबेला पनि मुलुकमा रोजगारी सिर्जना गर्दै चरणबद्धरूपमा बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्ने भनिएको थियो ।

वालेन्द्र सरकारले पनि वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र प्रतिफलयुक्त बनाइने कुरा दोहोऱ्याएको छ । श्रम कूटनीतिमार्फत उच्च पारिश्रमिक दिने गन्तव्यहरू पहिचान गर्दै रोजगार गन्तव्यको विविधीकरण गरिने विषय नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । त्यसैगरी, विदेशमा मृत्यु या अंगभंग भएका कामदारका परिवारका लागि उद्धार र कल्याणकारी कार्यक्रम सुदृढ गरिने कार्यक्रम समावेश गरिएको छ । सरकारले रोजगारीमा गएकालाई स्वदेश फर्काउन 'रिभर्स प्रवासन'लाई प्रोत्साहन गर्दै एकीकृत प्रोत्साहन प्याकेज ल्याउने कार्यक्रम पनि अघि सारेको छ ।

साथै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनावी वाचापत्रमा समावेश गरिएको नेपालमै बसेर विदेशी रोजगारदाताका लागि काम गर्ने सकिने 'रिमोट वर्क' नीतिको कानुनी व्यवस्था गरिने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ। श्रम क्षेत्रमा डिजिटल श्रम निरीक्षण प्रणाली लागू गरी न्यूनतम पारिश्रमिक सुनिश्चितता, कार्यस्थलमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्यको प्रत्याभूति गरिने पनि जनाइएको छ ।

सरकारले नयाँ राष्ट्रिय रोजगार नीति तर्जुमा गरी सीप, शिक्षा, श्रमबजार सूचना, समाजिक सुरक्षा र रोजगार सेवा प्रणालीलाई एकीकृत गर्ने भनेको छ । युवाहरूलाई 'सिक्दै कमाउँदै' अवधारणामा आधारित राष्ट्रिय उद्यमशीलता कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । सरकारले बाल श्रम निवारणसम्बन्धी प्रतिबद्धताको कडाइका साथ कार्यान्वयन गरिने, सरकार, रोजगारदाता र श्रमिकबीच असल श्रम सम्बन्ध विकास गर्दै राष्ट्रियस्तरको कल्याणकारी कोष प्रभावकारीरूपमा परिचालन गर्ने कार्यक्रम ल्याइने जनाएको छ ।

■■■

## ट्रेड युनियन...

संवैधानिक इजलासले विपक्षीहरूलाई सात दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ । साथै, अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने भन्ने विषयमा दुवै पक्षलाई छलफलका लागि २०८३ जेठ ६ गते बोलाइएको छ ।

यता फरक मत राख्ने न्यायाधीश शर्मा र सुवेदीले भने संविधानको धारा ११४ अनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको अध्यादेश ऐनसरह मान्य हुने र संसद्बाट स्वीकार वा अस्वीकार हुने प्रक्रिया अझै बाँकी रहेको उल्लेख गरेका छन् । उनीहरूले तत्काल अपूरणीय क्षति हुने अवस्था नदेखिएको भन्दै विपक्षीसँग छलफल नगरी कार्यान्वयन रोक्ने आदेश दिन नहुने राय दिएका छन् ।

फरक मतमा छ, 'राष्ट्रपतिबाट संघीय संसद्को अधिवेशन आह्वान भइसकेको तथा अध्यादेश संसद्मा पेस हुने प्रक्रिया बाँकी रहेको अवस्थामा प्रत्यर्थीहरूसमेतसँग छलफल गरी टुंगोमा पुग्न मनासिब देखिन्छ ।'

यद्यपि संवैधानिक इजलासमा बहुमतको निर्णय लागू हुने भएकाले सरकारको ट्रेड युनियन खारेजीसम्बन्धी निर्णय तत्कालका लागि रोकिएको छ ।

यता सोमबार नै सार्वजनिक सरकारको नीति तथा कार्यक्रममा निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन खारेजको नीति उल्लेख छ। अदालतको आदेश र सरकारको नीति बाझिएको छ। यसले अन्योल निम्तिएको छ ।

वालेन्द्र शाह नेतृत्वको सरकारले वैशाख २० गते 'केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३' जारी गर्दै निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज गरेको थियो । त्यसपछि वैशाख २२ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ट्रेड युनियनका कार्यालय बन्द गर्न सूचना जारी गरेको थियो ।

उक्त निर्णयविरुद्ध नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी दाहालसहितले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिटमा अध्यादेशमार्फत गरिएको संशोधन नेपालको संविधानको धारा १, १७, ३४, ९३ र ११४ विपरीत रहेको जिकिर गरिएको छ ।

रिट निवेदकले संविधानको धारा १७ (२) (घ) ले संघ संस्था खोल्ने स्वतन्त्रता सुनिश्चित गरेको तथा धारा ३४ (३) ले ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने र सामूहिक सौदाबाजी गर्ने हक प्रत्याभूत गरेको दाबी गरेका छन् ।


**मलेसियामा रोजगार** कम्पनी : JAYA NETS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ LT. No. 341846 चलानी नं. ६०२५५२२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 30 | 0 | 1700 | ६६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ५ गते (19th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dulsco Human Resources Pvt. Ltd.**
Dhumbarahi-4, Nepal. Tel: +977- 014547688, Gopal Thapa Magar +977 980-3061585
Email: dulscohr500@gmail.com, info@dulscohr.com.np, Web: www.dulscohr.com.np
श्रम ईजाजत नं. ५००/०६१/०६२



• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

**संस्थापक शेयर खरिद गर्न इच्छुक महानुभावहरुलाई जरूरी सूचना**

प्रकाशित मितिः २०८३/०१/२९

यस वित्तीय संस्थाका संस्थापक शेयरधनी समुहका केही संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु बिक्री गर्न आवश्यक स्वीकृति पाउँ भनी निवेदन पेश गर्नु भएको र संस्थापक समुहको शेयर बिक्री गर्दा विद्यमान संस्थापक शेयरधनीहरुलाई नै पहिलो प्राथमिकता दिनुपर्ने र यसरी खरिद बिक्री हुन नसकेको अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई सो शेयर खरिद बिक्री गर्नुपर्ने नेपाल राष्ट्र बैंकको निर्देशन भए बमोजिम विद्यमान संस्थापक शेयरधनीहरुले बिक्री गरिने संस्थापक शेयर खरिद गरी लिन इच्छुक भएमा सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र यस वित्तीय संस्थाको प्रधान कार्यालयमा सम्पर्क राखी निवेदन दिनु हुन अनुरोध गर्दै मिति २०८२/१२/१९ मा ३५(पैंतिस) दिने सूचना प्रकाशित गरिएकोमा कुनै पनि संस्थापक महानुभावहरुबाट संस्थापक शेयर खरिद गर्ने इच्छा जनाई कुनै पनि आवेदन प्राप्त नभएकोले बिक्री गर्ने संस्थापक शेयरहरु संस्थापक बाहेकका अन्य व्यक्ति/फर्म/कम्पनी/संगठित संस्थाहरुले खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test को विवरण भरी कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश नभएको प्रमाणित कागजात, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि तथा सो अद्यावधिक विवरण, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र, आपराधिक पृष्ठभूमी (Criminal Record) नभएको प्रमाण देखिने प्रहरी प्रतिवेदन प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी यस वित्तीय संस्थाको प्रधान कार्यालय हात्तीसार काठमाडौंमा सम्पर्क राखी के कति शेयर कित्ता के कति मूल्यमा खरिद गरी लिनुहुने हो सो सम्पूर्ण व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ । साथै संस्थापक शेयर खरिद गर्ने खरिदकर्ता संस्थापक समुहमा नै पर्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np



**मनमैजु समाज कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. को**
तारकेश्वर न.पा-१०, लोकतान्त्रिकचोक, मनमैजु काठमाडौं

**कर्जा चुक्ता गर्न आउने अत्यन्त जरुरी ३५ दिने सूचना**

प्रकाशित मिति २०८३/०१/२९ गते

यस सहकारी संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा र व्याजको भुक्तानी म्याद समाप्त भई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको व्याज तथा हर्जनासमेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नुहोला भनी ३५ (पैंतीस) दिन सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षणवापत लेखी दिएको तपसिल बमोजिम चलअचल सम्पत्ति बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | धन जमानी दिनेको विवरण | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. |  **नाम** : रामचन्द्र अधिकारी<br>**ना.प्र.नं.**: २५-०१-७६-०७२६९<br>**बाबुको नाम** : देवीप्रसाद अधिकारी<br>**बाजेको नाम** : धर्मदत्त अधिकारी<br>**ठेगाना** : नुवाकोट जिल्ला तारकेश्वर गा.पा.वडा नं.२<br>**हाल** : काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | **नाम** : अम्बिका अधिकारी<br>**ना.प्र.नं.**: ७२४६८<br>**ससुराको नाम** : देवीप्रसाद अधिकारी<br>**श्रीमानको नाम** : रामचन्द्र अधिकारी<br>**ठेगाना** : नुवाकोट जिल्ला तारुका गा.वि.स.वडा नं.२<br>**हाल** : काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | का.जि.काभ्रेस्थली गा.वि.स. वडा नं.२ / नक्सा सिट नं.२ 'ख' कित्ता नं.६७७ क्षेत्रफल (व.मि.) ०-५-१-२ (१७०.८८) का जग्गाहरू । |
| २. |  **नाम** : अम्बिका अधिकारी<br>**ना.प्र.नं.**: ७२४६८<br>**ससुराको नाम** : देवीप्रसाद अधिकारी<br>**श्रीमानको नाम** : रामचन्द्र अधिकारी<br>**ठेगाना** : नुवाकोट जिल्ला तारुका गा.वि.स.वडा नं.२<br>**हाल** : काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | **नाम** : रामचन्द्र अधिकारी<br>**ना.प्र.नं.**: २५-०१-७६-०७२६९<br>**बाबुको नाम** : देवीप्रसाद अधिकारी<br>**बाजेको नाम** : धर्मदत्त अधिकारी<br>**ठेगाना** : नुवाकोट जिल्ला तारकेश्वर गा.पा.वडा नं.२<br>**हाल** : काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | का.जि.काभ्रेस्थली गा.वि.स. वडा नं.२/ नक्सा सिट नं.२ 'ख' कित्ता नं.६२८, ६३०, ५५९ क्षेत्रफल (व.मि.) ०-२-१-१ (७३.५३), ०-१- २-३ (५३.६६), ०-०-२-२ (१९.८७) का जग्गाहरू । |

विद्यार्थी संगठन खारेजीको निर्णयमा सरकारलाई झड्का

# तत्काल कार्यान्वयन नगर्न सर्वोच्चको अल्पकालीन आदेश

■ प्रभाव संवाददाता



**काठमाडौं–** अध्यादेशमार्फत विश्वविद्यालयका विद्यार्थी संगठन खारेज गरेको सरकारलाई सर्वोच्च अदालतको आदेशले झड्का दिएको छ । विश्वविद्यालयलाई राजनीतिमुक्त बनाउने भन्दै विद्यार्थी संगठन खारेज गरेको वालेन्द्र शाह नेतृत्वको सरकारलाई उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश दिएको हो ।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले सोमबार विश्वविद्यालय समन्वय समितिले गत चैत २० गते गरेको निर्णय तत्काल कार्यान्वयन नगर्नू/नगराउनू भनी अल्पकालीन आदेश गरेको छ । अदालतले उक्त विषयमा आगामी जेठ ४ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

आदेशमा आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना पाएका मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न र रिट निवेदनको एक/एकप्रति नक्कलसमेत साथै राखी पेस गर्न भनिएको छ ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का अध्यक्ष दीपक धामीसमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारलाई विपक्षी बनाइ विश्वविद्यालयका विद्यार्थी संगठन खारेज गर्ने निर्णयविरुद्ध रिट निवेदन दायर गरेका थिए । प्रधानमन्त्री शाह विश्वविद्यालयलाई राजनीतिमुक्त बनाउन भन्दै विद्यार्थी संगठन खारेजीका लागि कठोर देखिएका थिए । विश्वविद्यालयबाट विद्यार्थी संगठनको कार्यालय, बोर्डलगायत हटाउन सुरक्षाकर्मी नै परिचालन गर्ने तयारीमा सरकार लागेको थियो ।

अध्यादेश ल्याएर विद्यार्थी संगठन खारेज गरिएकोप्रति सरोकारवालाहरूले विरोध जनाउँदै आएका छन् । विद्यार्थी संगठनहरूले विरोध प्रदर्शनसमेत गरेका थिए । यद्यपि, न्यायालयबाट निकास खोज्ने भन्दै उनीहरू सर्वोच्चमा पुगेका हुन् ।

# आयोगले पठायो सुकुमबासीको अवस्थासम्बन्धी अनुगमन प्रतिवेदन

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले काठमाडौं उपत्यकाका सुकुमबासी बस्तीमा अनुगमनबाट प्राप्त तथ्य र सुझावसहितको संक्षिप्त प्रतिवेदन सोमबार सरकारलाई पठाएको छ ।

आयोगले उपत्यकाका विभिन्न नदी किनारमा सार्वजनिक जग्गाहरूमा वर्षौंदेखि बस्दै आएका सुकुमबासी बस्तीका घरटहरा सरकारले हटाएको सन्दर्भमा अनुगमन गरेको प्रतिवेदन सरकारलाई पठाएको हो । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले उक्त क्षेत्रका बासिन्दाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलगायत अन्य मानवअधिकारको उपभोगमा परेको असर तथा निजहरूको मानवअधिकारको अवस्था सम्बन्धमा विभिन्न मितिमा आयोगले गरेको अनुगमन प्रतिवेदन पठाएको जानकारी दिए । प्रतिवेदनमा गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा दीर्घरोगीलाई आवश्यक पोषणयुक्त खानेकुरा तथा औषधि नियमितरूपमा उपलब्ध गराउन, लैंगिक संवेदनशील विषयहरूलाई सम्बोधन गर्न भनिएको छ ।

होल्डिङ सेन्टरमा राखिएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन, बालबालिकालाई गुणस्तरीय शिक्षाको व्यवस्था गर्न, विस्थापितको रोजगारीको व्यवस्था गर्न, नदी किनार र सरकारी जग्गामा बसेका सुकुमवासीहरूको यथार्थ लगत तयार गरी उनीहरूको दीर्घकालीन व्यवस्थापन गर्नुपर्ने प्रतिवेदनमा उल्लेख रहेको जनाइएको छ ।

प्रतिवेदनमा सांस्कृतिक महत्त्वका संरचनाहरूको स्थानान्तरण गर्न, वास्तविक सुकुमबासीहरूको पहिचान गरी अविलम्ब बसोबासको उचित व्यवस्थापन गर्न लगायतका सुझाव समावेश गरिएका छन् ।

# धौलागिरि आरोहण बापत एक करोड ३४ लाख सलामी दस्तुर

**गण्डकी–** धौलागिरि हिमाल आरोहणबापत यस याममा सरकारले एक करोड ३४ लाख ५४ हजार ५५० सलामी दस्तुर संकलन गरेको छ ।

यस यामका लागि कूल चार समूहमा १८ पुरुष र १२ महिला गरी ३० जनाले धौलागिरि अरोहणका लागि अनुमति लिएको पर्यटन विभागका निर्देशक निशा थापा राउतले जानकारी दिए ।

म्याग्दीको धौलागिरि गाउँपालिका-४ मा पर्ने यो हिमाल आठ हजार १६७ मिटर उचाइमा रहेको छ । अन्नपूर्ण हिमालको आरोहणपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएकोले पर्वतारोहण पर्यटनमा गण्डकी प्रदेशको अग्रणी स्थान रही आएको छ ।

अघिल्लो याममा यो हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए । समयसमयमा परिवर्तन हुने मौसमका कारण आरोहणका दृष्टिले धौलागिरि हिमाललाई कठिन हिमालका रूपमा लिइने नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेशका पूर्वअध्यक्ष शेषकान्त शर्माले जानकारी दिए ।

'समयसमयमा हुने मौषमको परिवर्तनका साथै भौगालिक अवस्थिति धौलागिरि हिमाल आरोहणका लागि मुख्य चुनौती हो', उनले भने, 'यो हिमाल विशेष गरी जोखिमपूर्ण साहसिक हिमाल आरोहण रुचाउने आरोहीको रोजाइमा पर्ने गरेको छ ।'

सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक यस हिमालको सफल आरोहण गरेका थिए । उनीसहित डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धौलागिरिको चुचुरोमा पुगेका थिए ।

पहिलो आरोहण भएको दिनको सम्झनामा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल(टान) गण्डकीसहित विभिन्न संघसंस्थाले प्रत्येक वर्षको मे १३ को दिनलाई धौलागिरि आरोहण दिवसका रूपमा मनाउँदै आएका छन् ।

यस वर्ष पनि मे १३ नजिकिँदै गर्दा यसको आरोहण दिवस मनाउनका लागि तयारी गरिएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिए । *रासस*

### बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२९**

यस कालीकादेवी सा.व.उ.स., कनपा १० सिन्धुलीको घाटगद्दी गरि राखेको विभिन्न लटको साल जातको गोलिया थान १०८ को १११८.४७ क्यू.फि. गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री कालीकादेवी सा.व.उ.स., कनपा–१०, सिन्धुली**

### दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मिति :- २०८३/०१/२९**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **Suhasha Link Pvt. Ltd.** ई.प.नं. 333/059/60 ले यस विभाग समक्ष बाँके जिल्ला नेपालगंज उपमहा नगरपालिका -०४ मा शाखा कार्यालय खोली शाखा प्रमुखमा सल्यान जिल्ला वनगाड कुपिण्डे नगरपालिका वडा नं.-०८ बस्ने श्री शिवराज पुरी लाई नियुक्त गरी संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०१/२८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्रपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


### कतारमा रोजगार
कम्पनी : MELAKA CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 337396 | चलानी नं. ६०२५१००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 2 | 0 | 2500 | १०३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plasterer | 2 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 3 | Plaster Worker | 1 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 4 | Pipe Fitter | 2 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 5 | Painter | 3 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 6 | Labour | 4 | 0 | 1000 | ४१,३३५ | | | | | | | |
| 7 | Gypsum Decorator | 1 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 8 | Gypsum Board Decorator | 2 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 9 | Foreman | 1 | 0 | 2500 | १०३,३४० | | | | | | | |
| 10 | Driver | 2 | 0 | 1800 | ७४,४०५ | | | | | | | |
| 11 | Cleaners (Male) | 2 | 0 | 1000 | ४१,३३५ | | | | | | | |
| 12 | Assit. Plumber | 0 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 13 | Assistant Carpenter | 5 | 0 | 1200 | ४९,६०५ | | | | | | | |
| 14 | Artist (Decorator) | 2 | 0 | 1200 | ४९,६०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ५ गते (19th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340, Balram Singh 9813169133
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

### MAURITIUS मा रोजगार
कम्पनी : SUPER CONSTRUCTION CO LTD

पूर्व स्वीकृति मिति : २०८२/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 329237 | चलानी नं. ६०२५०२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tiler | 10 | 0 | 20000 | ६५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 26 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 3 | Cleaners (Male) | 6 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 4 | Cook General | 5 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 5 | Electrician General | 7 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 6 | Foreman (Male) | 2 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 7 | Handy Man | 3 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 8 | Jcb Operator | 6 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 9 | Land Surveyor Helper/chainman | 2 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 10 | Mason/tile Worker | 39 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 11 | Mechanics I | 3 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 12 | Painter | 14 | 0 | 20000 | ६५,२८५ | | | | | | | |
| 13 | Plumber | 10 | 0 | 20000 | ६५,२८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ५ गते (19th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588
Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082

### युएइमा रोजगार
कम्पनी : ASEER TIME AL KUWAIT RESTAURANT - SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 317366 | चलानी नं. ६०२३१६०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Juice Makers | 4 | 0 | 1300 | ५३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TAJ AL MADINA BUILDING MAINTENANCE L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 338075 | चलानी नं. ६०२५१५६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 19 | 0 | 1000 | ४१,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician Assistant | 8 | 0 | 1200 | ४९,२४० | | | | | | | |
| 3 | Painter | 3 | 0 | 1500 | ६१,५४५ | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1500 | ६१,५४५ | | | | | | | |
| 5 | Stone Mason | 3 | 0 | 1500 | ६१,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ५ गते (19th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


FRONTLINE RECRUITMENT PVT.LTD.
Frontline Recruitment
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

### कतारमा रोजगार Qatar Engineering & Construction Company WLL

पूर्व स्वीकृति मितिः २०८३/०१/२८ | पत्र संख्याः ०८३/८४ | चलानी नं.: ६०२५५१८७ | LT No. ३४१९३३

| सि.नं. | कामदारको पद | माग संख्या (पु.) | माग संख्या (म.) | कामदारको न्यूनतम योग्यता | मासिक तलव (QR) | मासिक तलव (ने. रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | सुविधा खान | सुविधा बस्न | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOREMAN | ०३ | 0 | सम्बन्धित काममा दक्ष | २५०० | १,०३,३५० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष | अन्तर्वार्ता |
| 2 | LABOUR | २० | 0 | | १००० | ४१,३५० | | | | | | | | |
| 3 | OPERATOR, MACHINES,ORDNANCE | ०७ | 0 | | १९०० | ७८,५४६ | | | | | | | | |
| 4 | SAFETY & HEALTH TECH | ०५ | 0 | | १२५० | ५१,६७५ | | | | | | | | |
| 5 | TECHNICIAN | २० | 0 | | ११०० | ४५,४७४ | | | | | | | | |
| 6 | PAINTER BUILDINGS | १० | 0 | | ११०० | ४५,४७४ | | | | | | | | |
| 7 | ARCHITECT TECH | १० | 0 | | ११०० | ४५,४७४ | | | | | | | | |
| 8 | DRIVER/OPERATOR, FORKLIFT | ०२ | 0 | | १६०० | ६६,१४४ | | | | | | | | |
| 9 | HEAVY EQUIPMENT DRIVER | ०३ | 0 | | १९०० | ७८,५४६ | | | | | | | | |
| 10 | EQUIPMENT - OPERATOR, DRILLING WELL | ०३ | 0 | | १९०० | ७८,५४६ | | | | | | | | |
| 11 | REINFORC FITTER | ०५ | 0 | | ११०० | ४५,४७४ | | | | | | | | |
| 12 | BUILDING WORKER | १० | 0 | | ११०० | ४५,४७४ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| निःशुल्क | कामदार आफै | दिने (क. नि. अनुसार) | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क |

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित् भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला बुझाएको रकमको भरपाई अनिवार्य रूपमा लिनुहोला (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन् तालिम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को (१) एक प्रति आफुसंग राख्नुहोला । (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा बापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ । **कुल लागत खर्चः निःशुल्क**

फाइनल अन्तर्वार्ता मिति २०८३ जेठ ४ गते (May १८, २०२६) कम्पनीको कार्यालयमा हुनेछ ।

अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३
सुविधानगर, तिनकुने, काठमाडौं, फोनः ०१-४१०९१३, मोबाइलः ९८५१०८४६७५ (खेम शेरचन)
Email: ars@arabrecruiting.com, www.arabrecruiting.com

### कतारमा रोजगार
कम्पनी : LABELLE ROSE SALON

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 341835 | चलानी नं. ६०२५५१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseurs | 0 | 1 | 1800 | ७४,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Beautician/Hairdresser | 0 | 2 | 1800 | ७४,४०५ | | | | | | | |

कम्पनी : THE BLACK SALON

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 341836 | चलानी नं. ६०२५५१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician / General Neautician / Hair Dresser | 0 | 3 | 1800 | ७४,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ५ गते (19th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

### साउदीमा रोजगार
कम्पनी : QAMAR AL-YAMAMAH COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 336529 | चलानी नं. ६०२५०१४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | 1000 | ३९,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Abdullah Hamad bin Rashid Al Qahtani Ready-Mix Concrete Factory Establishment

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 336527 | चलानी नं. ६०२५०१५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 4 | 0 | 1800 | ७१,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ५ गते (19th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!
### शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!**
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: CHEMLITE INDUSTRIES SDN BHD
कम्पनी : केमलाइट इन्डस्ट्रिज एसडिएन बिएचडि

Pre Approval Date : 2026-05-11 | LT. No. 341986 | Invoice No. 60255231
पूर्व स्वीकृति मिति : २०८३/०१/२८ | एल टि न. ३४१९८६ | चलानी नं. ६०२५५२३१

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | मासिक तलबः Monthly Salary ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | जेनेरल वर्कर/फ्याक्ट्री वर्कर | २० | 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष | १७०० | ६६,०९५ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | दुई वर्ष |
| 1. | General Worker/ Factory Worker | 20 | 0 | Proficient in reading, writing & speaking basic English | 1700 | 66,095 | As per the company rule | 8 Hours | 6 Days | As per the company rule | No | Yes | 2 Years |

**The final interview will be conducted in the office on 19 May. 2026.**
**अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ जेठ ५ गते हुनेछ ।**
**Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।**

**नोटः** आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना यस प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to S. And S. Human Resource Pvt. Ltd. to apply directly without using any mediators Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने रोजगारदाताले ब्यहोर्ने
who will bear the Service Fee By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

S. And S. Human Resource Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Mobile no: 9849038785, Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संसद्मा प्रधानमन्त्रीको अशोभनीय व्यवहार

**सोमबार संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै थिए । राष्ट्रपति रहुञ्जेल सदनमा प्रधानमन्त्रीदेखि सबै सांसदले शिष्टाचार पालना गर्नुपर्छ । मर्यादा र शिष्टाचार पालना गर्ने स्थानको रूपमा संसद्लाई लिइन्छ । अझ सत्तापक्षका सांसदले यो विषयमा विशेष ख्याल राख्नैपर्छ । तर राष्ट्रपतिले सदनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा प्रधानमन्त्री वालेन्द्र शाह भने बीचैमा उठेर बेपत्ता भए । नेपालको संसदीय इतिहासमा प्रधानमन्त्रीले यस खालको अशोभनीय कार्य गरेको पहिलोपटक हो ।**

**के यो सरकारका प्रधानमन्त्री जनता, संसद् र राष्ट्रपतिभन्दा माथिको हो ? प्रधानमन्त्रीको यस्तो अशोभनीय र अभद्र व्यवहारले सरकारको शिष्टतामाथि प्रश्न उठेको छ । चौतर्फी प्रश्न उठेपछि राष्ट्रपतिका राजनीतिक सल्लाहकार असिम शाहले बचाउ गर्ने कोसिस गरे । असिमले प्रधानमन्त्री अस्वस्थ भएकोले विश्राम गर्न पुगेको र पछि सदनको बैठकमा फर्केको दाबी गरे । जबकि प्रधानमन्त्री शाह निस्केपछि बैठकमा फर्केका थिएनन् । आफूले फेसबुकमा राखेको बचाऊ सन्देश असिमले केहीबेरमै डिलिट गरे ।**

**'मलाई बोल्न दे सरकार !' गीतबाटै चर्चामा छाएका र्‍यापर बालेन उर्फ वालेन्द्र शाह विसंगतिमाथि प्रश्न गरेकै कारण अहिले जनताको रोजी प्रधानमन्त्री बनेका छन् । वालेन्द्रलाई प्रधानमन्त्री बनाउनु समयको माग पनि हो । तर उनै वालेन्द्रलाई अहिले प्रश्न गर्न जोकोही डराउँछन् । अरु त अरु दुईतिहाइ नजिक मत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछाने वालेन्द्रसँग प्रश्न गर्न सक्दैनन् । संसद्मा कसरी प्रस्तुत हुने भन्ने पार्टीको सहजीकरण कार्यक्रममा वालेन्द्र जाँदैनन् । सरकार पूर्णतया वालेन्द्रको सचिवालयको नियन्त्रणमा छ । रास्वपाका १८० सांसद वालेन्द्रका अगाडि 'ज्यू हजुर' गरी टाढैबाट नमस्कार गर्नेबाहेक अरु बोल्न सक्दैनन् ।**

**एकप्रकारले रास्वपामा राणाशासनको झल्को सुरु भएको छ । यसबारे बोल्न नसक्दा रास्वपामा पनि उकुसमुकुस सुरु भएको छ । यस्तो उकुसमुकुस धेरै थुनेर राख्न सकिँदैन । यस्तो सम्बन्ध धेरै टिक्दा पनि टिक्दैन र यस्तो अशोभनीय व्यवहार गर्ने लामो समय टिक्दा पनि टिक्दैन । रास्वपामा एकप्रकारको प्रशंसक पनि छन् जो वालेन्द्रलाई 'राजाको नयाँ कपडा' कथा शैलीमै उच्च प्रशंसा गरिरहेका छन् । शक्तिको उन्मादमा विगतका दुईतिहाइ निकट सरकार सत्ताबाट सडकमा पुगेको उदाहरण वालेन्द्र र तिनका प्रशंसकले सम्झनुपर्छ । बेलैमा यस्ता अशोभनीय व्यवहारको प्रयाश्चित गरेकै राम्रो ।**

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# सुधारतर्फ वालेन्द्र सरकारको कदम



❑ दामोदर खनाल

> सरकारले केही सुधारको संकेत र छनक पनि देखाइसकेको छ । जनप्रिय कामले निरन्तरता पाउँदै जान सके सरकारलाई जनताले साथ दिने नै छन् । विगतका गलत काम र कमजोरीहरूलाई ध्यान दिँदै नागरिक र जेन-जी पुस्ताको भावनालाई समेटेर नयाँ परिवेश र योजनाअनुसार नयाँ नेपाल निर्माण गर्न आवश्यक छ । अब तोडफोडभन्दा पनि नयाँ पुस्ताको ऊर्जालाई सदुपयोग गरेर युगले मागेका कामहरूमा सबै जुट्दै विश्व परिवेशअनुसार अगाडि बढ्न आवश्यक छ ।

जेन-जी आन्दोलनसँगै नेपालको राजनीतिले नयाँ मोड लिन पुगेको छ । सुशीला कार्की नेतृत्वको चुनावी सरकार गठन हुन पुग्यो । आमनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दुईतिहाइ नजिक मत प्राप्त गरेसँगै वालेन्द्र नेतृत्वको सरकार गठन हुन पुगेको छ । करिब चार दशक लामो लोकतान्त्रिक सत्ता जेन-जी आन्दोलनले दुई दिनमै उलटपुलट पारिदिएका कारण सबैलाई चकित बनाएको छ । यसलाई आमनागरिकको असन्तुष्टिको परिणामको जनविद्रोहको रूपमा लिन सकिन्छ । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक सरकार यसरी क्षणभरमै ढल्नु, शासकहरूलाई सुरक्षा नियन्त्रणमा राखेर जोगिएको विश्वकै इतिहासमा एउटा नयाँ घटनाको उदाहरण हो ।

२०४६ सालको जनआन्दोलनको मर्म र भावनाअनुसार त्यसपछि बनेका सरकारहरूले जनतासामु गरेका वाचाअनुसार काम गर्न नसक्दा आमनागरिकमा निराशा बढ्दै गएको थियो । संविधानको भावना, नीति, विधि, नियम, कानुनअनुसार काम हुन नसक्दा मुलुकमा व्याप्त भ्रष्टाचार र बेथिति बढ्दै गएर आमनागरिक महँगी, बेरोजगारको समस्यामा परिरहेका थिए । २०४६ सालपछि बनेका कुनै पनि सरकारले पाँच वर्ष कार्यकाल पूरा काम गर्न सकेनन् । जसले गर्दा मुलुकमा राजनीतिक अस्थिरता र चलखेलहरू बढ्दै गयो । तर पनि पुरानाले केही गर्दै गरेनन् भन्नेचाहिँ होइन ।

संघीय, प्रदेश र स्थानीय तीन तहका सरकार बने पनि यिनीहरूमा न त तालमेल हुन सक्यो, न त अधिकारको विकेन्द्रीकरण नै भयो । जसले गर्दा सानातिना कामका लागि पनि प्रदेश र स्थानीय सरकारले संघकै मुख ताक्न परिरहेको अवस्था छ । प्रदेशमा पनि सरकार बनाउने-भत्काउने खेलहरू भइरहे । सुशासन र स्वच्छ प्रशासन पनि जनताले पाउन सकेनन् । संघीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जनभावनाविपरीत अगाडि बढिरह्यो । हरेक काममा गुटबन्दी र चरम राजनीतिकरणको पराकाष्ठा जनताले भोगिरहे । यही परिप्रेक्षबाट बनेको वालेन्द्र सरकारबाट जनताले ठूलो आशा गरेका छन् ।

## अध्यादेशः छिटो छरितो काम

दुईतिहाइ नजिकको वालेन्द्र सरकारले निर्वाचनमा गरेका वाचा पूरा गर्न पुरानै तौर तरिकाले काम गरेर सफलता प्राप्त गर्न नसकिने भएपछि 'फास्ट ट्र्याक'मा काम गर्न आवश्यक महसुस गर्दै विभिन्न अध्यादेश ल्याएको छ । रास्वपा सरकार १०० दिनका १०० वाचा पनि सार्वजनिक गरेर अगाडि बढेकाले पुरानै ढर्रामा अगाडि बढेर लक्ष्यमा पुग्न नसकिने भएर नै विभिन्न काममा आउने बाधा अड्चन फुकाउन अध्यादेशहरू ल्याउन परेको बताएको छ । द्रुत गतिमा काम गर्नका लागि ल्याइएको यी अध्यादेश बेठिक भन्न मिल्दैन । जनताले रास्वपालाई दुईतिहाइ नजिक प्रचण्ड बहुमत दिएको छ । तसर्थ अब यो सरकारलाई जनअपेक्षअनुरूप काम नगरी सुख छैन ।

हाम्रा विगतका अर्थात् पुराना सांसद, मन्त्री, राष्ट्रसेवक, कर्मचारीहरूले हरेक काम पैसासँग साट्न थालेकाले नै हरेक क्षेत्रका काम कमजोर बन्दै जानुका साथै प्रायः हरेक क्षेत्रमा धमिरा लागेको जगजाहेर नै छ । कर्मचारी नियुक्ति, सरुवा बढुवादेखि घरजग्गा खरिदबिक्री, सवारीसाधन दर्ता, नवीकरणलगायत हरेक काम लेनदेनविना प्रायः असम्भव भइसकेको थियो । राज्यलाई कर, महसुल, सेवा, दस्तुर बुझाउन जाँदा पनि घूस खुवाउनपर्ने बाध्यताले सेवाग्राही हैरान थिए । तर पछिल्लो समय वालेन्द्र सरकार बनेयता कार्यालयको काममा चमत्कारिकरूपमा परिवर्तन भएको सेवाग्राहीले महसुस गर्न थालेका छन् । कामको ढिलासुस्ती अनियमिततामा पनि कमी आएको महसुस आमसेवाग्राहीमा छ । केही कार्यालयमा पुग्दा त्यो संकेत पनि देखिएको छ । तर यो पर्याप्त भने छैन । जनताका महत्त्वपूर्ण आधारभूत समस्या पूरा हुन सकेको छैन ।

नियुक्तिहरूमा दलीय भागबण्डाका कारण अख्तियार र न्यायालयप्रति पनि जनताको विश्वास घट्दै गएको अवस्था हो । नयाँ सरकारले सफलता पाउन प्रशासन, अख्तियार, न्यायालयजस्ता क्षेत्रमा क्षमता र दक्षताको आधारमा भर्ना गर्ने परिपाटी मिलाउन आवश्यक छ । यो सरकार सफल हुनका लागि विगतका कतिपय भागबण्डाको नियुक्ति बाधक हुने देखिए पनि यसबारे अध्यादेश जारी भएसँगै यो समस्याले निकास पाउने देखिएको छ । तर पनि पैसा लेनदेन गरेर नियुक्ति भएकाहरूमा ठूलै राजनीतिक भूकम्प गएको छ ।

## सुकुमबासी बस्तीमा डोजर

सरकारले नदी किनार तथा सार्वजनिक जग्गा अतिक्रमण गरेर बसेका सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थित र सुरक्षित गर्ने उद्देश्यले ती बस्तीमा डोजर चलाएर व्यवस्थित गर्ने काम सुरु गरेको छ । यसै क्रममा सरकारले काठमाडौंको थापाथली, जडीबुटी, बल्खु, अनामनगर, शंखमुललगायत नदी तथा खोला किनारका घरटहरा डोजर प्रयोग गरी हटाएको छ । जहाँका वास्तविक सुकुमबासीलाई विभिन्न ठाउँमा राखेर तथ्यांक लिने काम गरेको छ । सरकारले वास्तविक सुकुमबासीको पहिचान गरी सुरक्षित ठाउँमा व्यवस्थापन गर्ने जनाएको छ ।

यसैक्रममा सुकुमबासीको नाममा उच्च पहुँचवाला व्यक्ति र हुकुम्बासीहरूले ठूला घर र टहरा बनाएर भाडा लगाएर रकम लिने गरेको पनि पाइयो । कतिपय ठाउँमा सार्वजनिक जग्गा अतिक्रमण गर्ने होटल, स्कुल, घर बनाएर भाडा लिने गरेको पनि भेटिएको सार्वजनिक भएको छ । यो राम्रो होइन । यस्तालाई कानुनी दायरामा ल्याउन आवश्यक छ । कतिपय बस्तीमा त सुकुमबासीभन्दा हुकुमबासी बढी भएको पनि पाइएको छ ।

तर पनि कतिपय भूमिहीन वास्तविक सुकुमबासीलाई सरकारले सुरक्षित तरिकाले व्यवस्थित गरेर राख्न आवश्यक छ । यसअघिका सरकारले पटक-पटक सुकुमबासी समस्या समाधान आयोग गठन गरे पनि समस्याले पार पाएन । यस्ता आयोग १९ पटक गठन भएका थिए । लामो समयसम्म समस्या बल्झिरहृयो । काठमाडौं, पोखरा, बुटवललगायत देशभर सुकुमबासी समस्या दशकौंदेखि बल्झिँदै आएको छ । अस्थिर सरकार र चरम राजनीतिकरणका कारणले पनि यो समस्याले निकास पाउन नसकेको हामीलाई जगजाहेर नै छ । केहीले त नदी किनारका जोखिमपूर्ण ठाउँलाई ठगी खाने ठाउँ नै बनाएका रहेछन् । अतः यो सरकारले सुकुमबासी समस्या समाधान गर्छु भनेर लागेकोले विगतमा सुरु भएका राम्रा कामलाई आत्मसात् गर्दै पहुँच, राजनीतिक आग्रह पूर्वाग्रहविना निष्पक्ष तरिकाले समाधान गर्न पर्दछ । र, हुकुम्बासीले सुकुमबासीको नाममा यो समस्यालाई राजनीतिकरण गर्न हुँदैन ।

मुलुक भागबण्डाले भित्रभित्र साँच्चकै धमिरालेजस्तै खाएकोले आमनागरिकमा निराशा बढ्दै गएको छ । यसलाई सफा गर्न चानचुने आँट र हिम्मतले हुँदैन तर पनि जनताले वालेन्द्र नेतृत्वको सरकारबाट ठूलो आशा गरेको पाइन्छ । लोकतन्त्रमा जनतालाई केन्द्रबिन्दुमा राखेर काम हुनुपर्ने बेलामा लोकतन्त्र आएको करिब ४० वर्ष पुग्न लाग्दा पनि आमनागरिकले सरकारी सेवाबाट ठगिइरहेको महसुस गरेका थिए । बजारमा अर्थतन्त्र चलायमान हुन सकेको छैन । शिक्षा र स्वास्थ्यजस्ता अनिवार्य आवश्यकताका कुराहरू झनै महँगो हुँदै गएका छन् । यसले गर्दा आममानिसमा लोकतान्त्रिक सरकारप्रति विश्वास टुट्दै गयो ।

भूकम्प र कोरोनाकालको मारमा परेका उद्योगी व्यवसायी र नागरिकले सरकारपक्षबाट खासै संरक्षण र राहत पाउन सकेनन् । निराश युवा वर्ग कामका लागि विदेसिन बाध्य बनेका छन् । तसर्थ वर्तमान सरकार यस्ता सवालप्रति ध्यान दिएर अगाडि बढ्न आवश्यक छ । सुशासनका लागि वालेन्द्र सरकारबाट जनताले ठूलो आशा र भरोसा राखेका छन् । अनि उद्योगी र सर्वसाधारण जनता अर्थमन्त्री स्वर्णिम वाग्लेको नयाँ बजेटको प्रतीक्षामा पनि छन् ।

यथार्थमा जनप्रतिनिधिहरूमा पनि निःस्वार्थ रूपले काम गर्ने भावना देखिएन । दोस्रो आमनिर्वाचनपछि जनप्रतिनिधिहरू झनै सुविधाभोगी बन्दै गए । पार्टीबाट टिकट लिएर सरकारमा पुगेकाहरूले आफूखुसी काम गर्न थाले । कतिपय ठाउँमा आफ्ना नजिकका मान्छेलाई काम दिएर गुट-उपगुटका आधारमा विकास निर्माणका काम हुन थालेपछि जनविश्वास घट्दै जान थाल्यो । यस्ता आफूखुसी गर्ने कार्यले कतिपय ठाउँका जनप्रतिनिधिहरूले त 'छोटेराजा' कै संज्ञा पाउन थाले ।

यसर्थ, यो नयाँ जनादेशको सरकार राष्ट्र निर्माणका लागि नयाँ सिराबाट अगाडि बढ्न थालेकोले कम्तीमा केही समय सरकारको काम हेर्न आवश्यक छ । विगतमा शासक वर्गबाट धेरै कमी कमजोरी भएको कुरा सबैलाई जगजाहेर नै छ । अब यसबारे समीक्षा र सुधार गरेर अगाडि बढ्नु आजको आवश्यकता हो । जुन कुरा रास्वपाले पनि राम्रोसँग बुझेको हुनुपर्दछ । हामी नेपाली कामभन्दा पनि साना कुरामा संविधान-संविधान भनेर भाषण गररिहेका हुन्छौं, व्यवहारमा आफ्नो नैतिकता र इमानदारिता संविधानअनुसार देखाउन सकिरहेका छैनौं । आशा गरौं, ३६ वर्षे युवा वालेन्द्रको नेतृत्वमा सरकार बनेको छ, केही नयाँ सिराबाट काम हुन्छ ।

नयाँ सरकारका अगाडि थुप्रै चुनौतीहरू पनि छन् । सरकारले केही सुधारको संकेत र छनक पनि देखाइसकेको छ । जनप्रिय कामले निरन्तरता पाउँदै जान सके सरकारलाई जनताले साथ दिने नै छन् । विगतका गलत काम र कमजोरीहरूलाई ध्यान दिँदै नागरिक र जेन-जी पुस्ताको भावनालाई समेटेर नयाँ परिवेश र योजनाअनुसार नयाँ नेपाल निर्माण गर्न आवश्यक छ । अब तोडफोडभन्दा पनि नयाँ पुस्ताको ऊर्जालाई सदुपयोग गरेर युगले मागेका कामहरूमा सबै जुट्दै विश्व परिवेशअनुसार अगाडि बढ्न आवश्यक छ ।

नेपालमा कृषि, पर्यटन, वन र जल सम्पदा क्षेत्रको विकासका लागि धेरै आधार र सम्भावना भएकाले स्पष्ट योजना बनाएर अगाडि बढ्न सकेमा देशले साँच्चै काँचुली फेर्न सक्दछ । थुप्रैले देशभित्रै रोजगारी पाउन सक्ने छन् । तर त्यसका लागि हामी सबैले आ-आफ्नो पेसा, व्यवसायमा नैतिकता र इमान्दारिता देखाउनैपर्छ । वालेन्द्र सरकारले पनि विनाप्रतिशोध स्पष्ट विकासको खाका कोरेर अगाडि बढ्न आवश्यक छ ।




✍ बैकुण्ठ भण्डारी



# नीऽइति-कार्जेक्रम

हाननीय सदस्यज्यूहरू, कतै हान्दै कतै ठोस्दै, कतै बाल्दै, कतै ओकल्दै यहाँसम्म आइपुग्नुभएकोमा धन्यवाद दिन चाहन्छु । तपाईंका कुरा तपाईं नै राख्नुस् भनेर मैले भन्न सक्दिन । किनकि, म विचरो बबुरो भएको छु । पटक-पटक परधानमनऽतरी खान नपाए पनि बल्लबल्ल पाको पद त्यसै छाड्न सकिनँ ।

हाननीय सदस्यहरू त्यही भएर अहिलेको दम्भी पार्टीको दम्भी सरकारका आदेशहरूलाई पूर्णपालना गराउने पक्षमा प्रतिबद्ध भएर अध्यायको देशलाई मैले हस्ताक्षर गरेर पठाइदिएको छु । कसैलाई चित्त बुझ्ला, कसैलाई चित्त नबुझ्ला ! चित्त बुझ्नेहरू एक सुर्की लगाएर मस्त हुनुहोला । चित्त नबुझ्नेहरू मोबाइलवाला टेलिभिजनसँग ठूला-ठूला कुरा गरेर विष ओकल्नुहोला !

कुरो र कुलो जता पनि जान सक्ने भएकाले आएका अध्यायका देशहरूलाई मैले सहर्ष स्वीकार गरी जनताले हावामा जिताएर पठाएका हाननीयकै पक्षमा म मेरो कार्यकालसम्म शीतल तापेर बस्ने छु । कालोकोटे बाबुले बस्ने कि जाने बा ? भनेर सोध्या छन् । मैले बस्ने भनेर भनेको छु । अब बस्ने भनेपछि त दिएको गर्नु परो ! बाबुले जसोजसो भनेका छन् मैले त्यसैत्यसै गरेको हुँ । त्यसमा हाननीय सदस्यहरूले अन्यथा लिनुहुने छैन भन्ने कुरामा जय नेपाल गर्न चाहन्छु ।

कसले के भन्छन् भन्ने कुरो मलाई थाहा भएन ! मैले के भन्छु भन्ने कुरा त अल्जाइमरले बिसाइसकेको छ । राखेका जागिरेहरूले यसो गर, उसो गर भन्छन् मैले हस भनेको छु । यस्तो परिस्थितिमा आजको यो विशाल हाननीयज्यूहरूको भेलामा बाबुले जस्तो लेखेर दिएको हो त्यस्तै नीऽइति र कार्जेक्रम तपाईंलाई खरऽरऽ पढेर सुनाउँछु ।

जसजसलाई सुन्न मन लाग्छ । आँखा चिम्म गरेर भए पनि सुन्नुहोला । सुन्न मन नलाग्ने हाननीय सदस्यहरूले दायाँबायाँ गफ गरेर भए पनि आजको हाजिरी गरेरमात्र फुत्त हात्ती लम्किएजस्तै गरी लम्किन सक्नु हुने छ भन्ने अपेक्षा लिएको छु । माथिबाट हजुरबाले के-के भन्दै छन् । भुइँतिर बसेका नाति नातिना खुसुरखुसुर गरिरहेका छन् । हजुरबाले सुनाउँदै गरेको नीऽइति पुराणमा कसैको ध्यानै छैन । गर्नेलाईभन्दा देख्नेलाई लाज भनेजस्तै ! हुन झुक्किएर हान्निएर पुगेका त हुन् । नत्र त के हुन्थ्यो र हजुरबाका कथा पुराण पनि सुन्नै नसक्ने गरी खुसुरखुसुर किन गर्नु पर्दथ्यो र ?

पहिलेपहिले पो सेतासेता घरका कालाकाला मान्छे भन्थे । अहिले त राताराता घरमा नीलानीला मान्छे छन् । शान्तिको कुरा त गर्नै परो । हजुरबाले गरुण पुराण सुनाए पनि बक्रदृष्टिका वृतान्त भने पनि के मतलब । हाजिर भइगो, हाँसे भइगो । हाँस्ने, ठट्टा गर्ने त हो ! ताली बजाइदिनु भनेको छ हेडसरले बजाइदिएकै छ । कुरो ठीक होकि होइन त ? एउटा हाननीयले अर्को हाननीयलाई सोध्छ ।

ठिकै हो । अब यी हजुरबाले जति भट्ट्याए पनि कुरो उही हो क्यारे । नयाँ सिसीमा पुरानै के भनेजस्तो । जसोजसो बाहुन उसैउसै स्वाहा भनेजस्तो ! होइन हो हाननीयज्यू, बूढाबाले त धेरै खोके त ? चिसो गढे छ कि क्या हो ? कति न हजुरबाको चिन्ता गरेजस्तै गरी सोध्छन् । त्यस्तो होइन, उमेर गढेको हो । त्यही भएर ख्वाक्कख्वाक्क गरेका छन् । अर्काले थप्छन् ।

होइन हो । आजकल त खासै बाहिर निस्कनै मन लाग्दै किन हो ? मलाईमात्र हो कि तपाईंलाई पनि त्यस्तै हो हाननीयज्यू ? अर्कोले भन्छ, सबैलाई त्यस्तै होला नि होऊ । हावा तालमा, उठियो हावा तालमै जितियो । सिंहदरबारभित्र छिरेर सलाम खानेबाहेक केही होलाजस्तो छैन ! पछाडि बेञ्चकालाई के भयो कुन्नि प्याच्चै बोले, होइन हो हाननीयज्यू, कति कुरा गरेर बसेको क्या ! सुन्नु न उता हजुरबाले बोलिरहनुभाको छ । तपाईंहरूचाहिँ के खुसुरखुसुर हो के ?

घाँटीको मुण्टो बटार्दै अर्कोले भन्यो- हत्तेरी ! हाननीयज्यू, निदाएर बस्नु भन्दा त यसरी आफ्नो मनको बह पोख्नु नै ठीक हो नि होइन र ?

उता हजुरबाले घ्यारऽरऽ गर्दै भने- हाननीय सदस्यहरू, विदेशबाट फर्केकाहरूलाई खेत जोत्न लगाउनु पर्दछ । जसले उत्पादन वृद्धि हुन्छ । खेताँ काम नगर्नेहरूका लागि प्रविधिको भरपुर उपयोग गर्नेगरी कार्जेक्रम ल्याएका छौं ।

हजुरबाका कार्जेक्रम पनि के हो के हो ! अँ साँच्चि, हाननीयज्यू अघि क भन्दै थियौं रे ? फेरि कुरा मोड्दै नीऽइति कार्यक्रममा बसेका हाननीयले भने ।

त्यही त, अब घरमा बसौं अनेक थरीका मानिसहरू आउँछन् । बस भन्नै परो । चिया ख्वाउनु परो । कुरा सुनेको जस्तो पनि गरिदिनै परो । हऽ हँऽ हेरौंला भन्नै परो । अब बजेट पनि गरौंला भन्यो आफ्नो बजेटजति सबै स्वाहा । त्यही भएर चुनाउकै नारा ठीक लाग्न थालेको छ- 'चुपचाप कोठामा बास' । यो बाहेक अहिले यो पद खासै प्रभावकारी लागेन हो हाननीयज्यू । अर्कोले दुखेसो पोखे ।

सोह्रै आना ठीक कुरा गर्नु भो । अब पहिलेपहिले जस्तो मोबाइलवाला टेलिभिजनसँग कुरा गर्ने, हल्लाखल्ला गर्न पनि पाइने । अहिले मनमा लागेको कुरा पनि बोल्न नपाइने । यस्तो पनि पद हुन्छ ? पहिलेपहिलेका हाननीय सांसदहरू कति ठाँटले हिँड्थे । कति सम्मान पाउँथे । अहिले त टोलमा पनि न नमस्कार छ न केही छ, 'खरानी ग्याङ' भनेर हत्तु पार्छन् भन्या ।

एता बाजे फलाक्दै छन्, के भन्या हो फेरि यो नगदरहित भनेर ? उठौं बाहिर गएर बरु एक घुट्की चुस्की लिएर आउँ । घाँटी बसेको स्वर र घ्यारघ्यारले केही बुझिएन । अर्का हाननीयले सोधे । त्यही त । त्यही भएर हाम्रो हेडसर अघि नै उठेर हिँडिसके । हामीमात्र के बस्नु ? सबैको हालत उस्तै । कठैबरा ! हजुरबालेले जति नै घाँटी फुलाएर नीऽइति पुराण सुनाए पनि के गर्नु सुन्नेले नसुनिदिएपछि !

हजुरबा भन्छन्, अन्त्यमा लुटतन्त्रका लागि विगतदेखि नै परिचालन हुँदै आएका र मुलुकको सम्पूर्ण क्षेत्रलाई ध्वस्त पार्दै 'खरानी ग्याङ' का रूपमा परिचित हुनुहुने हाननीयहरूलाई अनुशासनको पाठ सिकाउनु पर्ने छ भन्दै यो नीऽइति तथा कार्जेक्रम जस्तो लेखेर दिएको हो त्यस्तै पस्केको छु । सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो पुराण वैकुण्ठ जाला ! नी-इति स्कन्दे, खरानी पुराणे समाप्तम् ।

नीति तथा कार्यक्रम

# दिगो वन व्यवस्थापनमार्फत वन क्षेत्रको आर्थिक योगदान अभिवृद्धि गरिने

**काठमाडौं (प्रस)–** सरकारले दिगो वन व्यवस्थापनमार्फत वन क्षेत्रको आर्थिक योगदान अभिवृद्धि गर्ने घोषणा गरेको छ। सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा यस्तो घोषणा गरिएको हो ।

काठ, जडीबुटी, आयुर्वेदिक औषधि, कार्बन व्यापार, पर्यटन तथा वनमा आधारित उद्योगको विकासलाई प्राथमिकता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ। सरकारले जडीबुटीको प्रशोधन, मूल्य अभिवृद्धि तथा निर्यात प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ। चरन क्षेत्र विकास, पशुपालन तथा वनमा आधारित जीविकोपार्जन प्रवर्द्धन गर्दै वन स्रोतको वैज्ञानिक उपयोग गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

वन क्षेत्रभित्र रहेका स्याउला, सोत्तर तथा मिचाहा वनस्पतिलाई स्थानीय समुदाय र निजी क्षेत्रको सहकार्यमा उपयोग गरी प्रांगारिक मल, ब्रिकेट तथा बायोचार उत्पादन प्रवर्द्धन गरिने सरकारको नीति रहेको छ। सरकारले 'नेपाल कार्बन प्राधिकरण' गठन गरी रेड-प्लस कार्यक्रम विस्तार गर्ने घोषणा गरेको छ। सामुदायिक वन समूहलाई कार्बन क्रेडिटबाट प्रत्यक्ष लाभ सुनिश्चित गरिने तथा नीतिगत सुधारमार्फत भवन निर्माण र उद्योगमा स्वदेशी काठको प्रयोगलाई प्रोत्साहन गरिने राष्ट्रपति पौडेलले बताए।



वन डढेलो नियन्त्रण तथा निगरानीलाई प्रभावकारी बनाउन 'वन डढेलो उच्च सतर्कता केन्द्र' स्थापना गरिने नीति अगाडि सारिएको छ। डढेलो, वन अतिक्रमण तथा अवैध गतिविधिको रियल टाइम निगरानीका लागि ड्रोन, स्याटेलाइटलगायत आधुनिक प्रविधिको प्रयोग गरिने नीति सरकारले अघि सारेको छ।

मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि क्षतिपूर्ति, पूर्वसूचना प्रणाली, रोकथाम संरचना, नसबन्दी, स्थानान्तरण तथा वैकल्पिक बाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापनमार्फत दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको वासस्थान संरक्षण गरिने नीति तथा कार्यक्रममा समेटिएको छ। सरकारले चुरे क्षेत्रमा एकीकृत संरक्षण, जल पुनर्भरण तथा वैज्ञानिक उत्खनन लागू गर्ने जनाएको छ। वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्ति तथा वनसम्बन्धी अनुमति प्रक्रियालाई ई-पोर्टलमार्फत सरलीकरण गरी पूर्वाधार विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गरिने उल्लेख छ।

वायु गुणस्तर सुधार, स्वच्छ प्रविधि प्रवर्द्धन तथा प्रदूषण नियन्त्रणलाई पनि सरकारले प्राथमिकतामा राखेको छ। काठमाडौं उपत्यकाको वायु गुणस्तर सुधार कार्ययोजना अद्यावधिक गर्दै राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्ययोजना कार्यान्वयन गरिने तथा परम्परागत इँटा उद्योगलाई स्वच्छ प्रविधिमा रूपान्तरण गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

त्यसैगरी, वायु प्रदूषण न्यूनीकरण, जलवायु अनुकूलन तथा दिगो सहरी वातावरण व्यवस्थापनका लागि बहुपक्षीय समन्वय प्रणाली सुदृढ गरिने बताइएको छ। सीमापार प्रदूषण नियन्त्रणका लागि द्विपक्षीय तथा क्षेत्रीय सहकार्य विस्तार गरिने सरकारको योजना छ। अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच वृद्धि गर्दै वन, कृषि, ऊर्जा तथा जैविक विविधतामा आधारित हरित अर्थतन्त्रलाई टेवा दिइने नीति सरकारले अघि सारेको छ। 'हरित बण्ड ढाँचा' विकास गरी जलविद्युत्सहित हरित पूर्वाधारमा अन्तर्राष्ट्रिय सहुलियतपूर्ण वित्त आकर्षित गरिने तथा 'नेट जिरो २०४५' प्रतिबद्धता कार्यान्वयनका लागि क्षेत्रगत लक्ष्य र समय सीमासहित राष्ट्रिय कार्ययोजना लागू गरिने राष्ट्रपति पौडेलले बताए।

## विपद्बाट यस वर्ष १९ लाखभन्दा बढी प्रभावित हुन सक्ने अनुमान

**काठमाडौं–** यस वर्षको मनसुन अवधिमा देशभर औसतभन्दा कम वर्षा हुने सम्भावना रहे पनि तापक्रम वृद्धि र चरम मौसमी घटनाका कारण मनसुनजन्य विपद्को जोखिम उच्च रहने आकलन गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकणले सोमबार सार्वजनिक गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ को मस्यौदामा १९ लाखभन्दा बढी जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको हो।

मस्यौदाअनुसार उच्च हिमाली क्षेत्रमा हिमताल विष्फोटको जोखिम बढेको छ भने तराई तथा तल्लो भेगमा बाढी, पहिरो, डुबान, भूक्षय र आकस्मिक बाढीका घटना बढ्न सक्ने सम्भावना औंल्याइएको छ। दैनिक तापक्रम वृद्धि र तातो हावाको लहरका कारण विशेषगरी दक्षिणी तराई क्षेत्र बढी प्रभावित हुन सक्ने जनाइएको छ।

प्रतिवेदनमा मनसुन अवधिमा देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जना प्रभावित हुन सक्ने अनुमान गरिएको छ। प्रभावितमध्ये ५२ प्रतिशत महिला र ४८ प्रतिशत पुरुष हुनसक्ने जनाइएको। जोखिममा रहेका जनसंख्यामध्ये पाँच वर्षमुनिका बालबालिका करिब एक लाख ६४ हजार, ६० वर्षमाथिका ज्येष्ठ नागरिक चार लाख १५ हजारभन्दा बढी तथा अपांगता भएका व्यक्ति करिब ४८ हजार रहेको उल्लेख छ। प्रजनन उमेर समूहका महिलाको संख्या उल्लेख्य रहेको प्रतिवेदनमा जनाइएको छ।

प्रदेशगत विश्लेषणअनुसार कोशी, मधेस लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लामा मनसुनजन्य विपद्को जोखिम तुलनात्मकरूपमा बढी देखिएको छ। *रासस*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७९/०२/०३ मा दर्ता भएको श्री **पवन मिनि सुपर मार्केट प्रा. लि. (प्रा. लि. नं. २९०७४९)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८३/०१/२९**

यस धौले सामुदायिक व.उ.स. दुनपा ६, सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पाद नभई घाटगद्दि गरी राखिएको साल सहित अन्य जातको गोलिया थान ७१ को ९१५.७७ क्यू.फिगोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वननियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ।

**धौले सामुदायिक व.उ.स. दुनपा ६, सिन्धुली**



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस **Lion Recruitment Services Pvt.ltd** (ई.प.नं.१७७०/०८१/०८२) मा कार्यरत **राजकुमार मगर (ना.प्र.प.नं.३१२/८९६,** जि.प्र.का.मकवानपुर) लाई आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२९ गते**

यस कम्पनीको मिति २०८३/०१/०३ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कुवाढी देवी टि इस्टेट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अमृतवन टी ईस्टेट प्रा.लि. (प्रा.लि.नं. २९८०)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२९ गते**

यस कम्पनीको मिति २०८३/०१/२१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्वाकन क्लिनिक सौराह प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सौराहा मेडिकेयर प्रा.लि. (प्रा.लि.नं. ३२२११६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



**मलेसियामा रोजगार**

कम्पनी : **ORNAPAPER INDUSTRY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 341857 | चलानी नं. ६०२५५२००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 0 | 1700 | ६६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **CIMEI FOOD INGREDIENTS SDN BHD**

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ | LT. No. 341856 | चलानी नं. ६०२५५१९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1700 | ६६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ५ गते (19th May 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

